# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

# नेपाल राष्ट्र बैंक वातावरण र समाजमैत्री व्यवसायको पक्षमा: गभर्नर डा. खतिवडा

अन्तर्राष्ट्रिय वित्त निगम (International Finance Corporation- IFC) को आयोजनामा जेठ १९ गते सम्पन्न Environment and Social Risk Management विषयक सेमिनारमा प्रमुख अतिथिको रुपमा बोल्दै नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले नेपाल राष्ट्र बैंक वित्तीय व्यवसायमा वातावरणीय र सामाजिक जोखिम व्यवस्थापन गर्दै दीगो विकासका लागि सहयोगीको भूमिका खेल्न तयार रहेको बताउनु भयो । केन्द्रीय बैंक पनि वातावरण र समाजको अङ्ग भएकाले यसका सरोकारवालाहरूबाट अलग रहन नसक्ने धारणा उहाँले राख्नु भयो ।




सामाजिक द्वन्द्वले वातावरणमा प्रतिकूल प्रभाव पार्ने र बिग्रदो वातावरणले जिविकोपार्जन र मानव सुरक्षामार्फत सामाजिक जीवनमा समेत नकारात्मक असर पार्नेतर्फ सहभागीहरुको ध्यान आकर्षण गराउँदै गभर्नर डा. खतिवडाले भौतिक विकासको वातावरणीय लागत हुन्छ, तर त्यो कमभन्दा कम हुनुपर्छ भन्नुभयो । यसका लागि सामाजिक र वातावरणीय अनुकूलताका व्यवसाय प्रवर्द्धनमा बैंक तथा वित्तीय संस्थाले ध्यान दिनुपर्छ भन्ने उहाँको सुझाव थियो । हालसम्म नेपाल राष्ट्र बैंकले वातावरण र सामाजिक उत्तरदायित्वपूर्ण व्यवसायमा लगानी गर्न प्रोत्साहन गर्ने नीति लिएको जानकारी दिँदै सबै क्षेत्रमा निर्देशनको आशा नगरी स्वविवेकमा उचित लगानी नीति लिन बैंकहरुलाई उहाँले आग्रह गर्नुभयो । अव्यवस्थित रूपमा हुने घरजग्गा कारोवार नियन्त्रण, कृषिमा लगानी वृद्धि र नवीकरणीय ऊर्जामा बैंकको कर्जा लगानी बढाउन नेपाल राष्ट्र बैंकले गरेको प्रयासलाई सामाजिक र वातावरणीय दृष्टिले पनि बुझिदिन उहाँले आग्रह गर्नुभयो ।

सामाजिक तथा वातावरणीय रूपले स्वीकार्य लगानीका लागि केही प्रणालीगत अवरोधहरु भए पनि सबै सरोकारवालाहरुको सहकार्यमा ती अवरोधहरुलाई हटाउन सकिने धारणा राख्दै गभर्नर डा. खतिवडाले नेपाल राष्ट्र बैंक सहकार्यका लागि तयार रहेको जानकारी दिनुभयो । सर्वसाधारणमा वातावरणप्रति जागरुकता, उद्यमीमा सामाजिक उत्तरदायित्व बोध र लगानीकर्तामा जोखिम विश्लेषण क्षमताको वृद्धि गरी यी अवरोध हटाउन सकिने विश्वास उहाँले व्यक्त गर्नुभयो । जनशक्तिका सम्बन्धमा तालिमको व्यवस्थापन गरी National Banking Institute ले अभाव हटाउने आशासमेत उहाँले गर्नुभयो ।

सोही कार्यक्रमलाई सम्बोधन गर्दै डेपुटी गभर्नर महा प्रसाद अधिकारीले वातावरणीय र सामाजिक जोखिम मूल्याङ्कन नगरी कर्जा प्रदान गरिएमा परियोजनाको दीगोपनमा शंका उत्पन्न हुनसक्ने र यसबाट बैंकको खराब कर्जा बढ्ने मात्र होइन ख्यातिमा समेत असर पर्नेसक्ने जानकारी दिनु भएको थियो । सरकारी निकाय तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागितामा सम्पन्न उक्त सेमिनारमा सम्बन्धित विषयमा सामूहिक छलफल चलाइएको थियो ।

मिति २०७१।२।१९

गभर्नरको कार्यालय